ALLEGHENY COUNTY

# तलबी बिरामी बिदा अध्यादेश

ऐलेघेनी काउन्टीको तलबी बिरामी बिदा अध्यादेश (पेड सिक लिभ ओर्डिनेन्स) नं. 15-21-OR को दफा (सेक्सन) 2406- A बमोजिम रोजगारदाताहरूको आफ्ना कर्मचारीहरूलाई तलबी बिरामीको समय जम्मा गरेर प्रयोग गर्ने उनीहरूको अधिकारका बारेमा सूचित गर्ने दायित्व हुन्छ।

| तलबी बिरामी बिदाका अधिकारहरू | | |
|---|---|---|
| **रोजगारदाताको आकार**<br>(गएको 12 महिना) | 26 भन्दा कम कर्मचारीहरू | 26 वा सोभन्दा बढी कर्मचारीहरू |
| **ऐन अन्तर्गत बिरामी समय जम्मा गर्न पाउने दर** | लागू नहुने | ऐलेघेनी काउन्टीको भौगोलिक सीमाभित्र हरेक 35 घण्टाको काममा 1 घण्टाको तलबी बिरामी समय |
| **यस ऐन अन्तर्गत जम्मा गर्नेमा सीमाहरू**<br><br>**ध्यान दिनुपर्ने कुरा:** तपाईंको रोजगारदाताको अझ बढी उदार बिदा नीति हुनसक्छ। | लागू नहुने | रोजगारदाताले बढी समय निर्दिष्ट नगर्दासम्म एक क्यालेन्डर वर्षमा तलबी बिरामी समय चालिस (40) घण्टाभन्दा बढी नहुने। |
| **लागू हुने मिति** | लागू नहुने | डिसेम्बर 15, 2021 |

जम्मा भएको बिरामी समय अनुरोध गर्ने वा प्रयोग गर्ने कर्मचारीहरू विरुद्धको प्रतिशोधलाई निषेध गरिन्छ। यदि तपाईंलाई बिरामी समय जम्मा गर्न वा जम्मा भएको बिरामी समय प्रयोग गर्न अस्वीकार गरिएको कारणले गर्दा तपाईंलाई आफ्नो अधिकारहरू उल्लंघन भएको महसुस हुन्छ भने तपाईंसँग प्रशासनिक सेवा विभाग (डिपार्टमेन्ट अफ एडमिनिस्ट्रेटिभ सर्भिसेज) समक्ष उजुरी दायर गर्ने अधिकार हुन्छ।

**तलबी बिरामी बिदा फारामहरू यहाँ उपलब्ध छन्:**
**www.alleghenycounty.us/administrative/paid-leave-sick-ordinance.aspx**

**तपाईंले (412) 350-1418 मा फोन गरी वा paidsickleave@alleghenycounty.us मा इमेल गरी अनुरोध गरेर पनि फाराम प्राप्त गर्न सक्नुहुनेछ।**